# अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड

## पनौती नपा -४, काभ्रेपलाञ्चोक

## चौथो वार्षिक साधारण सभाको निर्णय

आज मिति २०८१।०३।०६ गते विहिवार (तद्नुसार २० जुन २०२४) दिनको ११:०० बजे काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका वार्ड नं. ४ स्थित ताम्राकार पार्टी भेन्युमा अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) का अध्यक्ष श्री बाबुराम थापाज्यूको अध्यक्षतामा वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायबमोजिम सम्पन्न भयो :

**१. उपस्थिति :**

(क) सञ्चालकहरुको उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री बाबुराम थापा | अध्यक्ष |
| २ | श्री भोजराज भट्टराई | सञ्चालक |
| ३ | श्री प्रवीण झा | सञ्चालक, प्रतिनिधि, कुमारी बैंक लि. |
| ४ | श्री केशव थापा | स्वतन्त्र सञ्चालक |
| ५ | श्री निमु शेर्पा | सञ्चालक |
| ६ | श्री उमेश थापा | सञ्चालक, सर्वसाधारण समूह |
| ७ | श्री नारायण प्रसाद प्रसाई | सञ्चालक, सर्वसाधारण समूह |

(ख) वित्तीय संस्थाका कर्मचारीहरुको उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री तेजेन्द्र शर्मा लम्साल | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २ | श्री चन्दन कुमार सरदार | नायव प्रबन्धक |
| ३ | श्री टोप बहादुर थापा | सहायक प्रबन्धक |
| ४ | श्री चोपकान्त चौधरी | सहायक प्रबन्धक |
| ५ | श्री रोशन डाँगी | कनिष्ठ अधिकृत |
| ६ | श्री मनोज थापा | सुपरभाइजर |
| ७ | श्री उज्वल थापा | सहायक |
| ८ | श्री तुलसा गौतम | सहायक |
| ९ | श्री रीना पोते श्रेष्ठ | सहायक |
| १० | श्री सुशिला धर्ती | कनिष्ठ सहायक |
| ११ | श्री दीपा जर्घा मगर | कनिष्ठ सहायक |
| १२ | श्री सोनी श्रेष्ठ | प्रशिक्षार्थी कनिष्ठ सहायक |

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

| | | |
|---|---|---|
| १३ | श्री प्रकाश कुमार महतो | सवारी चालक |
| १४ | श्री अन्जु थापा | कार्यालय सहयोगी |
| १५ | श्री किम्बु वस्नेत | कार्यालय सहयोगी |

(ग) आमन्त्रित व्यक्तित्वको उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री पुष्पराज शर्मा | प्रमुख कार्यकारी अधिकृत, कुमारी क्यापिटल लि. |
| २ | श्री अकिन श्रेष्ठ | प्रतिनिधि, नेपाल इन्भेष्टमेण्ट मेघा बैंक लि. |

(घ) शेयरधनी तथा शेयरको उपस्थिति :

| क्र.सं. | विवरण | शेयरधनी संख्या | जम्मा कित्ता | प्रतिशत |
|---|---|---|---|---|
| १ | सञ्चालकहरुको उपस्थिति | ७ जना | २,९२,२०० | ११.६९% |
| २ | संस्थापक शेयरधनीको उपस्थिति | ५ जना | २,७०,७०० | १०.८०% |
| ३ | सर्वसाधारण | २८ जना | ९०३ | ०.०४% |
| ४ | प्रोक्सी पठाउने | १०९ जना | ७,२०,००० | २८.८०% |
| | जम्मा | १४९ जना | १२,८३,१०३ | ५१.३२% |

२. **सूचना प्रकाशनको जानकारी :** सञ्चालक समितिको मिति २०८१/०२/१४ गते बसेको ९७ औं बैठकको निर्णय तथा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०२/१६ र २०८१/०२/१७ गते दुईपटक प्रकाशित भएको छ । साथै, वित्तीय संस्थाको सूचना पाटी तथा वेबसाईटमा समेत सूचना प्रकाशन भएको जानकारी कम्पनी सचिव तेजेन्द्र शर्मा लम्सालले जानकारी गराउनु भयो ।

३. **गणपुरक संख्या :** कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावली, २०७५ को नियम २३ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार साधारण सभा शुरु हुनुभन्दा अघि बाँडफाँड भएको २५,००,००० (पच्चीस लाख) कित्ता शेयर मध्ये १२,८३,१०३ (बाह्र लाख त्रियासी हजार एक सय तीन) कित्ता शेयरको प्रतिनिधित्व भई ५१.३२ प्रतिशत शेयरको प्रतिनिधित्व रहेको र १४९ जना शेयरधनी संख्या उपस्थिति भएकोले साधारण सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. **सभाको वैधानिकता :** कम्पनी ऐनको दफा ६९ को प्रत्येक साधारणसभा शुरु हुनुभन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले यो सभा कम्पनी ऐन र नियमावली बमोजिम बोलाइएको हो वा होइन भन्ने कुरा यकिन गर्नेछन् र त्यस सम्बन्धमा कुनै अन्य कानूनको पालना नगरिएको भए पनि सबै शेयरधनीहरुलाई दफा ६७ को उपदफा (२) बमोजिम सूचना पठाइएको भएमा र दफा ७३ बमोजिम गणपूरक सङ्ख्या पुगेको सभाले सभा गर्न मञ्जुर गरेमा सो साधारण

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

सभा रीतपूर्वक बोलाइएको मानिनेछ भन्ने व्यवस्थाको आधारमा सभाको वैधानिकता रहेकोमा साधारण सभाका शेयरधनीहरुको सहमति भयो ।

५. **सभाको अध्यक्षता तथा आसन ग्रहण :** वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभाको लागि कानुनी प्रकृया पुरा भएको हुनाले सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम थापाज्यूबाट साधारण सभाको अध्यक्षता ग्रहण भयो । साथै, सञ्चालकज्यूहरु, कम्पनी सचिव, अतिथिको आसनग्रहण पश्चात् सभाका अध्यक्षज्यूबाट पानसमा द्वीप प्रज्वलन गरेर सभाको समुद्घाटन भयो ।

६. **साधारण सभामा निर्णयार्थ छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरुको सूची :** साधारण सभाका अध्यक्षज्यूको आज्ञा अनुसार वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री तेजेन्द्र शर्मा लम्सालले स्वागत मन्तव्य राख्दै वित्तीय संस्थाको पछिल्लो अवस्था, भावी रणनीतिसहित देहायबमोजिम सामान्य तथा विशेष प्रस्तावहरुको जानकारी सभालाई गराउनु भयो ।

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

(२) लेखापरीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने,

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

(४) विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सोसमेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने,

(२) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य कुनैपनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने,

(३) विविध ।

७. **सभामा प्रतिवेदन प्रस्तुतीकरण :** यस वार्षिक साधारणभाको अध्यक्षता गर्नुहुने वित्तीय संस्थाका अध्यक्ष श्री बाबुराम थापाज्यूले साधारण सभामा उपस्थित सञ्चालकज्यूहरु, शेयरधनी महानुभावज्यूहरु, आमन्त्रित व्यक्तित्व, कर्मचारी, पत्रकारलगायत सबैलाई धन्यवाद व्यक्त गर्नुहुँदै अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन साधारण सभामा पढेर सुनाउनुभयो ।

८. **साधारण सभामा निर्णयार्थ छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरुमा छलफल :** साधारण सभाका अध्यक्षज्यूको आज्ञानुसार कम्पनी सचिवको सहजिकरणमा साधारण सभामा निर्णयार्थ छलफलका लागि प्रस्तुत गरिएका सामान्य तथा विशेष प्रस्तावहरुमाथि विस्तृत छलफल शुरु भयो ।

९. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले वित्तीय संस्थाको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहितको आर्थिक विवरण, लेखापरीक्षकको नियुक्ति, मर्जर लगायतका विषयहरुमा आ-आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नुभयो :-

(१) श्री शत्रुध्न श्रेष्ठ, लगानीकर्ता

- लघुवित्त क्षेत्र जटिल अवस्थाबाट गुज्रीरहेको छ, ऋण तिर्नु पर्दैन मिनाह हुन्छ भन्ने भ्रम फैलाइएको छ ।
- ऋण उठाउन जाँदा कर्मचारी माथि जाइलग्ने, कुटपिटको धम्की सहनुपरेको छ ।
- लघुवित्त कार्यक्रम गरिवको लागि हो । लघुवित्तको संरक्षण राज्य तहबाट हुनुपर्छ ।
- लघुवित्तको कर्जा असुलीमा आर्थिक मन्दीको प्रभाव परेको छ ।

(२) श्री इन्द्रप्रसाद लामिछाने, लगानीकर्ता

- लाभांश पाउला भन्ने आशा हो, यो प्रतिवेदन हेर्दा अर्को बर्ष पनि नपाइने भयो ।
- ऋण दिएका ऋणीलाई अन्य संस्थाले ऋणदिने अवस्था आउनु भएन ।
- ऋणीलाई अनुशासित हुन सिकाउनु पर्‍यो ।
- समयलाई दोष दिएर मात्रै हुदैन । क्षमता देखाइ दिनुहुन अनुरोध गर्दछु ।
- खर्चमा मितव्ययीता हुनु पर्‍यो ।
- साधारण सभा समयमा हुनु पर्‍यो ।
- कर्मचारीलाई तालिम दिएर क्षमतावान बनाउनु पर्‍यो ।

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

- प्रस्तुत प्रगति प्रतिवेदन निराशाजनक छ ।

(३) श्री जगन्नाथ ढकाल, लगानीकर्ता

- आगामी साधारण सभा समयमा नै गरियोस् ।
- कर्जा लगानीभन्दा असुलीलाई जोड दिइयोस् ।
- आगामी बर्षदेखि दुई डिजिटमा नघटाई नाफा दिने गरी कार्य सम्पादन गरियोस् ।
- मर्जारमा जानुअघि सुहाउदो जोडि छनोट गरियोस ताकि पछि पछुतो नहोस ।
- लेखापरीक्षक नियुक्त गर्दा अघिल्लो शुल्क सरह गरियोस् ।
- कर्मचारीको मनोवल बृद्धि गरी कार्यकुशलता बढाउन आन्तरिक मूल्यांकनको आधारमा पदोन्नति गरियोस् ।
- वित्तीय संस्थामा देखापरेका कमी कमजोरीलाई सुधार गर्न तत्काल प्रभावकारी कदम चाल्न आवश्यक देखिन्छ ।
- आजको चौथो वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न हुन गइ रहेकोमा शेयरधनीको तर्फबाट खुशी लागेको छ ।

(४) श्री निरुपमा गुप्ता, लगानीकर्ता

- वित्तीय सूचांकहरु नकरात्मक छन् यसतर्फ ध्यान दिएर काम गर्नुपर्‍यो ।
- खर्चमा मितव्ययी हुनु पर्‍यो ।
- भरसक मर्जरमा नजानु राम्रो होला ।
- मर्जरमा जाने हो भने राम्रो कम्पनी रोज्नु पर्छ ।
- ऋणीलाई सिप सिकाउन पर्‍यो ।

(५) श्री लक्ष्मण वहादुर श्रेष्ठ, लगानीकर्ता

- द्विप प्रज्वलन गर्दा अर्को दियो प्रयोग गरेर गर्नुपर्ने ।
- साधारण सभा पौष मसान्तसम्ममा हुनुपर्ने ।
- आगमी साधारण सभाबाट शेयरधनीले प्रतिफल पाउने शाखा गरेको छु ।
- सभामा प्रस्तुत प्रस्तावहरु प्रति मेरो समर्थन छ ।
- संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(६) अनमोल कोइराला, लगानीकर्ता

- आगामी साधारण सभा समयमा नै गर्नु हुन ।
- मर्जरमा जादा उत्कृष्ठ संस्था मात्र छनोट गर्नुहोला ।
- शेयर सदस्यले प्रतिवेदन बेलैमा पाउने व्यवस्था गर्नु होला ।

अभियान लघुवित्त वित्तीय संस्था लि. २०६५ केन्द्रीय कार्यालय

**१०. शेयरधनीहरुको जिज्ञासा, प्रश्न, समालोचना, मन्तव्य तथा सुझावहरु र अध्यक्षज्यूले दिनुभएको प्रत्युत्तरको मुख्य अंशहरु :**

(क) **लगानीको प्रतिफल सम्बन्धमा :** सभामा महत्वपूर्ण जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझावहरु दिनुहुने सबै शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दछु। लघुवित्त संस्थाहरु जटिल अवस्थामा भएकोले यस लघुवित्त संस्थाले पनि शेयरधनीहरुलाई यथोचित नाफा दिन सकेको छैन। वित्तीय सूचांकहरु नकरात्मक छन्। वित्तीय संस्थामा देखापरेका कमी कमजोरीलाई सुधार गर्न प्रभावकारी कदमहरु चालिएको छ। लगानीकर्तालाई उचित प्रतिफल दिन लघुवित्त संस्थाले थप प्रयासहरु गरेको छ।

(ख) **कर्मचारी तथा ऋणी सम्बन्धमा :** कर्मचारीलाई आवश्यक ज्ञान, सिप सिकाइएको छ। कर्मचारीको मनोवल उच्च राख्न आवश्यक कार्य गरिएको छ। कर्मचारीलाई अनुशासनमा राख्नको लागि उचित मूल्यांकन गर्ने र नियतबश गल्ती गर्नेलाई वित्तीय संस्थाको नियम अनुसार कारवाही भएको छ। समुह केन्द्र बैठकलाई थप व्यवस्थित गरेर ऋणीलाई अझ अनुशासनमा राख्ने काम गरिने छ।

(ग) **लेखापरीक्षण शुल्क सम्बन्धमा :** लेखापरीक्षण शुल्क यस अधिको वर्षको रकम बराबर रहेको छ।

(घ) **मर्जर सम्बन्धमा :** मर्जरमा नजाने र जानेभएमा राम्रो संस्थासँग मर्जामा जाने जस्ता सुझावहरु मार्गनिर्देशन दिने प्रकृतिका हुन्। यस सम्बन्धमा वित्तीय संस्थाले तीन जना सञ्चालक रहेको मर्जर समिति बनाएको छ।

(ङ) **मितव्ययी हुने सम्बन्धमा :** वित्तीय संस्थालाई सवल बनाउन मितव्ययी भएर काम गरिएको छ। यस सम्बन्धमा थप मितव्ययी हुन र हरेक खर्चलाई सोहि शिर्षकमा राखेर चुस्तदुरुस्त हिसाव राख्न व्यवस्थापनलाई निर्देशन गरिएको छ।

(च) **विविध :** पछिल्लो समय लघुवित्त थप जटिल बन्दै गएको भएतापनि वित्तीय संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीवर्गबाट थप ज्ञान, सिप तथा मेहनतका साथ प्रयत्न हुने र शेयरधनीलाई यथोचित प्रतिफल दिनको लागि प्रयत्नशील रहेको कुरा यस गरिमामय साधारण सभालाई जानकारी गराउछु। सभामा शेयरधनी महानुभावबाट प्राप्त सुझावहरुको आधारमा आगामी वर्षमा आवश्यक सुधार गरिने छ।

**११ साधारण सभाका निर्णयहरु :**

(क) **साधारण प्रस्तावका निर्णयहरु :**

(१) यस वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७९/०८० को वार्षिक प्रगतिको प्रतिवेदनको छलफलमा प्रस्तुत विषयहरु उपयुक्त र सान्दर्भिक रहेको भनी "सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

भएको आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन" सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

(२) यस वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु माथि छलफलको क्रममा के. जे. एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेन्स्का पार्टनर सि.ए. सिजन बोहराबाट पेश भएको लेखापरीक्षण प्रतिवेदनबाट वित्तीय संस्थाको यथार्थ जानकारी भएको भनी "लेखापरीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु" सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार यस वित्तीय संस्थाको सञ्चालक समितिको बैठक नं. ९७ को निर्णय नं. २ बाट सिफारिस गरिए बमोजिम "आ. ब. ०८०/०८१ को लेखापरीक्षण गर्न वार्षिक लेखापरीक्षण शुल्क भ्याटवाहेक रु.३,००,०००/- (तीन लाख रुपैयाँ), वास्तविक विल अनुसारको भ्रमण खर्च, सि.ए.को लागि रु.३,०००/- (तीन हजार रुपैयाँ) र सि.ए. बाहेकको लागि रु.२,०००/- (दुई हजार रुपैयाँ) दैनिकभत्ता प्रतिदिन प्रदान गर्नेगरी K.M.U and Associates लाई लेखापरीक्षक नियुक्त गर्ने" प्रस्ताव सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

(४) यस वित्तीय संस्थालाई मार्गदर्शन गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ हाउस लिमिटेड लगायतका नियमनकारी निकायहरु, सञ्चालक समिति, कर्मचारीहरु, सेवाग्राही सदस्यहरु, बैंक तथा वित्तीय संस्थाहरु, सञ्चार माध्यमहरु तथा शुभेच्छुकहरुप्रति धन्यवाद ज्ञापन गर्ने प्रस्ताव सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावका निर्णयहरु :**

(१) "नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयलगायत अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सोसमेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन यस वित्तीय संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने" प्रस्ताव सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

(२) "यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य कुनैपनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/ गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने प्रस्ताव" सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

**१२. समापन :** वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा सम्य, भव्य तथा शालिन रुपमा सम्पन्न भएकोमा सम्पूर्ण शेयरधनी महानुभाव, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव लगायतका कर्मचारीहरु, शुभेच्छुक सबैलाई धन्यवाद ज्ञापन गर्नुहुदै सभाध्यक्ष श्री बाबुराम थापाज्यूबाट दिनको २:२० बजे साधारण सभा समापन गरियो ।

दस्तखत :
नाम : बाबुराम थापा
पद : अध्यक्ष
मिति : २०८१।०३।०६

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

दस्तखत :
नाम : तेजेन्द्र शर्मा लम्साल
पद : कम्पनी सचिव
मिति : २०८१।०३।०६